विपद् जोखिम न्यनीकरण तथा व्यवस्थापन नियमावली,२०७६ को नियम १६ को उपनियम (१) र (२)बमोजिम

# विपद् व्यवस्थापन समितिको आ.व. २०८०/०८१को वार्षिक प्रितवेदन

मितिः २०८१/०४/०८

## सिलीचोङ गाउँपालिका
## ताम्कु, सङ्खुवासभा।

# विषयसूची


१.पृष्ठभूमि ........ 1

१.१. स्थानीय तहको संक्षिप्त परिचय ........ 1

१.२.सिलीचोङ गाउँपालिकामा पाउने वनस्पति तथा वन्यजन्तुको प्रजातिहरूः ........ 1

१.३ विद्यमान अवस्थाको समिक्षा ........ 1

२. विपद् जोखिम न्यूनीकरण सम्वन्धी व्यवस्थाः ........ 3

२.१ नीतिगत व्यवस्थाः ........ 3

२.२ संस्थागत व्यवस्थाः ........ 4

३. आर्थिक बर्ष २०८०/०८१ मा सम्पन्न भएको कार्यहरूको संक्षिप्त विवरणः ........ 5

३.१. पुनर्निर्माण तथा पुनस्थार्पना सम्वन्धि ........ 5

३.२ भौतिक संरचना मर्मत तथा सम्भारका लागि वातावरण तथा विपद् व्यवस्थापन कोषबाट बजेट बिनियोजन गरी देहायको भौतिक संरचना मर्मत गरिएको। ........ 8

४. आ.व. २०८०/०८१ को वातावरण तथा विपद् व्यवस्थापन कोषको खर्चको प्रगति विवरण ........ 9

५.निश्कर्ष र सुझाव ........ 9

# १.पृष्ठभूमि

## १.१. स्थानीय तहको संक्षिप्त परिचय

सिलीचोङ गाउँपालिका नेपालको संविधानको धारा २९५ को उपधारा ३ बमोजिम कायम भएका गाउँपालिका, नगरपालिकाहरू मध्ये एक स्थानीय तह हो। साविकका सिसुवाखोला (१-९), बाला (१-९), ताम्कु (१-९), माङ्तेवा (१-९) र याफु (१,४,९) वडा गरी ५ वटा गा.वि.स.हरू समावेश गरेर नेपाल सरकार (मन्त्रिपरिषद्को) मिति २०७३ साल फाल्गुन २२ गतेको निर्णय बमोजिम सिलीचोङ गाउँपालिकाको स्थापना भएको हो।

नेपालको कोशी प्रदेश अन्तर्गत सङ्खुवासभा जिल्लाको १० वटा स्थानीय तहमध्ये सिलीचोङ गाउँपालिकाको क्षेत्रफल २९३.२६ वर्ग किलोमिटर रहेको छ। वि.सं. २०७८ को राष्ट्रिय जनगणना अनुसार सिलीचोङ गाउँपालिकामा जम्मा १०२९६ जनसंख्या रहेको छ, जसमा पुरूषको अनुपात ५०.६ र महिलाको अनुपात ४९.४ र जनघनत्व ३५ रहेको छ, साथै जम्मा परिवार संख्या २४९० रहेको र यो स्थानीय तहको साक्षरता प्रतिशत ८०.९ रहेको छ।

## १.२.सिलीचोङ गाउँपालिकामा पाउने वनस्पति तथा वन्यजन्तुको प्रजातिहरू:

**रूख प्रजातिमा** :- साल, खोटेसल्लो, लोठ्सल्लो, थिङ्ग्रेसल्लो,गोब्रेसल्लो, रानिसल्लो,जापानीसल्लो,, उतिस, पात्ले कटुस, मुसुरे कटुस, ढाल्ने कटुस,फलात, फिर्फिरे, बद्रास, सौर, कइजाल, पानीसाज, पाखेसाज, लामपाते, चिलाउने, धायारो,श्रीचाप, घोगे चाप, आउले चाप, ब्जालुचाप, चिलाउने,रुद्राक्ष, खिर्‍रो, मलातो, शिरीष, लप्सी, भोज्पत्र, बन पिपल, , काउलो।

**झाडिदार बुट्यान प्रजातिमाः-** धुपी, सुनपाती, गुरास,पर्लिङ्गो, चिमाल, सुनाल्हेर, आसारे, सिक्रेलोक्ता,अर्गेली लोक्ता, मालिङ्हो, काली मालिङो, सिङ्गाने, खोस्रे , घुडे, निङ्गाले, बादरे, झिङ्ुनी, बिलाउने, सुनगाभा, चुत्रो, सुनाखरी,अर्खोउलो, चुत्रो,

**जडिबुटी प्रजातिमाः-** इन्द्रेनी, पाच ओउले, जटामासी, पाखाम्बेद, चिराइतो, चिन्फिङ ठूलो ओखत्ती, सुनपाती, बिखुम्मा, बिष्जरा, सतुवा, बनलसुन , पदम्चाल, निर्मसी, देब्रे लहरा, भुत्केश, ताराकोपिला, माइकोपिला, यार्शागुम्बा, मुलापाते, कुखुरापङ्खि, खिरोउला।

**बन्यजन्तु प्रजातीमाः-** कालोभालु, रुख भालु, चितुवा, हिमचितुवा, चरिबाघ ,थार, झारल, मृग, घोरल ,श्याल, बँदेल, बादर, धेडु ,लाङुर, दुम्सी, माहज्क,सालक, सर्प, र रुख भ्यागुत्ता।

## १.३ विद्यमान अवस्थाको समिक्षा

साविकको गा.वि.स.हरूको संयोजनबाट स्थानीय तहको रुपमा परिवर्तन भएपछि संवैधानिक रुपमा नै अधिकारको बाँडफाँड भएर कार्यजिम्मेवारी र अधिकारमा बढोत्तरी भएको छ । जननिर्वाचित प्रतिनिधिहरुमार्फत स्थानीय सरकार सञ्चालन गर्ने कानूनी व्यवस्था बमोजिम सिलीचोङ गाउँपालिकाले पनि स्थानीय प्रतिनिधिहरूमार्फत आफ्नो गाउँपालिकाको विकास र समृद्धिका लागि कानून, नीति, योजना निर्माण

गर्ने आफ्नो संयनत्र मार्फत कार्यान्वयन गर्नेसम्मका कार्यहरु गरिरहेको छ । संघात्मक व्यवस्था बमोजिम तीन तहको सरकारमध्ये स्थानीय सरकारको हैसियत प्राप्त गर्नु आफैमा राम्रो हो । स्थानीय सरकार सञ्चालन र नीति, बजेट तथा योजना तर्जुमा तथा कार्यान्वयनसँगै विपद् जोखिम न्यूनिकरण, स्तरीकरण र व्यवस्थापन नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहको जिम्मेवारीमा समेत पर्न आएको छ । विपद् जोखिम न्यूनिकरणका सन्दर्भमा देखिएका सबल र कमजोर पक्ष तथा गाउँपालिकाको विद्यमान चुनौति र अवसरहरुलाई संक्षेपमा प्रस्तुत गरिएको छ।

**सबल पक्षः**

- पालिकास्तरीय स्थानीय विपद् व्यवस्थापन समिति र वातावरण तथा विपद् व्यस्थापन समिति सक्रिय हुनु।
- बार्षिक बजेट तथा कार्यक्रममा वातावरण तथा विपद् ब्यवस्थापन कोषमा प्रयाप्त बजेटको सनिश्चित गर्नु।
- प्राकृतिक प्रकोपले क्षति भएका सडक बाटाहरू व्याक्होलोडरले नियमित सफा र मर्मत गर्नु,
- द्रुत प्रतिकार्य टोलि (Rapid response team) क्रियाशिल हुनु,
- सङ्घीय सरकार तथा प्रदेश सरकारबाट सहयोग प्राप्त हुनु,
- निजी क्षेत्र ,गैरसरकारी संघसंस्था तथा व्यक्तिगत सहयोगदाता बाट सहयोग प्राप्त हुनु,
- विपद् सम्वन्धी आवश्यक कार्यविधि वनाई कार्यान्वयनमा हुनु।

**कमजोर पक्षः**

- भौगोलिक विकटताको कारण वर्षातको समयमा वारम्बार विपद् प्रकोपका घटनाहरू घटिरहुनु,
- विपद् जोखिम क्षेत्रबाट पुनस्थार्पना गर्न समस्य हुनु,
- विपद् व्यवस्थापनमा बजेटको कमी हुनु,
- सूचना तथा दुरसंचार पूर्वाधारको पहुँच सबैतिर नहुनु,
- सडक तथा भौतिक पूर्वाधारको पहुँचको अभावका कारण एम्बुलेन्स तथा अन्या चारपांग्रे साधन नियमित चल्न नसक्नु,
- सचेतनाको कमीका कारण प्रकोपजन्य रोग, सानातिना दूर्घटनाहरुको सामना गर्नुपर्ने,
- विपद्पछि खोज, उद्दार तथा राहतका लागि स्थानीय दक्ष जनशक्ति तथा उद्दरा सामाग्रीहरूको अभाव हुनु ।

**अवसरः**

- जनप्रतिनिधिमूलक संस्था सहितको स्थानीय सरकार भएकाले विपद् प्रतिकार्य सम्बन्धी स्थानीय परिवेश बमोजिमको योजना निर्माण गर्न सकिने
- भौतिक पूर्वाधारको विकासको चरणमा रहेकाले विपद् संवेदनशील विकासमा जोड दिन सकिने
- संघ, प्रदेश र अन्य स्थानीय तहसँगको साझेदारीमा विपद् जोखिम न्यूनिकरण सम्बन्धी समस्यासँग जुध्न सकिने ।
- भवन संहिता, पूर्वाधार संहिता कार्यान्वयनको सुरूवात गर्न सकिने ।
- विकास निर्माण सम्वन्धी योजना, कार्यक्रम तथा आयोजना संचालन गर्दा वातावरण संरक्षणलाई ध्यानमा राखी प्रारम्भिक वातावरणीय परीक्षण (IEE) र वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) गर्न सकिने।

**चुनौति**

- परम्परागत सोच, सामाजिक संरचनामा सचेतना ल्याउनु,
- सडक, बिजुली, संचार, पानी जस्ता पूर्वाधार विकासलाई वातावरण अनुकूल बनाउनु,
- स्थानीय स्तरमा विपद् प्रतिकार्यका लागि दक्ष जनशक्ति उत्पादन र परिचालन गर्नु,
- दक्ष जनशक्ति विकासका साथै बेरोजगार युवालाई रोजगार प्रदान गरी विदेश पलान हुनबाट रोक्नु,
- गुणस्तरीय पूर्वाधार निर्माण र व्यवस्थापनका लागि स्रोत व्यवस्थापन, क्षमता अभिवृद्धि र समन्वय कायम गर्नु,
- वातावरण मैत्री पूर्वाधारको विकास गर्नु।

## २. विपद् जोखिम न्यूनीकरण सम्वन्धी व्यवस्थाः

### २.१ नीतिगत व्यवस्थाः

- पूर्वाधार व्यवस्थापन ऐन, २०७४ मिति २०७४ साल असार २१ गते कार्यपालिका बैठकबाट स्वीकृत भई कार्यान्वयनमा रहेको।
- विपद् ब्यवस्थापन तथा कोष सन्चालन कार्यविधि, २०७५ स्वीकृत भई कार्यान्वयनमा रहेको।
- एम्बुलेन्स सञ्चालन कार्यविधि, २०७६ स्वीकृत भई कार्यान्वयनमा रहेको।
- विपद् पीडित पुनर्वास कार्यविधि , २०७७ मितिः २०७७ साल भदौ १७ गते कार्यपालिका बैठकबाट स्वीकृत भई कार्यान्वयनमा रहेको।
- व्याकहोलोडर सञ्चालन कार्यविधि, २०७८ मितिः २०७८ साल असार ३० गते कार्यपालिका बैठकबाट स्वीकृत भई कार्यान्वयनमा रहेको।
- सडक सरसफाई तथा सडक हेरालु व्यवस्थापन कार्यविधि २०७९ मितिः २०७९/११/०८ मा स्वीकृत भई कार्यान्वयनमा रहेको।

## २.२ संस्थागत व्यवस्थाः

**क. पालिकास्तरीय स्थानीय विपद् व्यवस्थापन समितिः**

| क्र.सं. | नाम थर | पद, कार्यालय | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|
| १ | भुपाल राज राई | गा.पा. अध्यक्ष | ९८५११००२०९ | |
| २ | देविता राई | गा.पा. उपाध्यक्ष | ९८६२९४२९७१ | |
| ३ | गणेश राई | १. नं. वडाअध्यक्ष | ९८६२३२७३१३ | |
| ४ | मोहन शम्सेर रा | २. नं. वडा अध्यक्ष | ९८४४४०५८१७ | |
| ५ | प्रताप सिंह तामाङ | ३. नं. वडा अध्यक्ष | ९७४२८३३५३० | |
| ६ | देवेन्द्र राई | ४. नं. वडा अध्यक्ष | ९८४१९७४२०० | |
| ७ | ईश्वर राई | ५. नं. वडा अध्यक्ष | ९८४४४०५७४६ | |
| ८ | बाबुनन्दन मेहता | प्रमुख प्रशासकीय अधिकृत | ९८५२०३०२४० | |
| ९ | राम बहादुर राई | प्रतिनिधि नेपाली कांग्रेस | ९८६३९९१०४५ | |
| १० | नरभूपाल राई | प्रतिनिधि नेकपा एमाले/रेडक्रस सोसाइटी प्रतिनिधि | ९८४२१०७७६५ | |
| ११ | देवी राई | प्रतिनिधि नेकपमा माओवादी | ९८४४३५८६९५ | |
| १२ | डा. सौरभ तिवारी | मेडिकल अधिकृत प्रा.स्व.के. ताम्कु। | ९८४५७२८०९६ | |
| १३ | भिम ठगुन्ना | प्रमुख, नेपाली सेना, ताम्कु | ९८६५८७०५९३ | |
| १४ | टिकाराम सुनुवार | प्रमुख, प्रहरी चौकी, ताम्कु | ९८५२६९०१५८ | |
| १५ | भद्र बहादुर राई | अधिकृत छैटौं | ९८६२९२८३४० | |

**ख. वातावरण तथा विपद् व्यवस्थापन समितिः**

| क्र.सं. | नाम थर | पद | सम्पर्क नं. |
|---|---|---|---|
| १ | गणेश राई | संयोजक (वडा अध्यक्ष) | ९८६२३२७३१३ |
| २ | अमन कुमार राई | सदस्य | ९७४५२५१०७७ |
| ३ | अरिता राई | सदस्य | ९८४९९२६११५ |

**ग. गाउँपालिकास्तरीय द्रुत प्रकिकार्य टोली(RRT)**

- डा. सौरभ तिवारी (मेडिकल अधिकृत) ९८४५७२८०९६
- श्रद्धा राई (ज.स्वा.नि.) ९८४३००५१३२
- रोशनी कुलुङ( हे.अ.) ९८४००३६६९३
- पवित्रा मण्डल (हे.अ.)९८६३००३७९१
- रविन्द्र महतो सुडी (ल्याव असिष्टेन्ट) ९८४४४३४६१४
- विनकाशी गुरूङ (अ.न.मि.) ९८६६३२२८३१

घ. स्थानीय विपद् सहायता कक्ष सम्पर्क व्यक्तिः रमेश राई ९८५२०२३४९९

ङ. विपद् व्यवस्थापन फोकल पर्सनः ज्ञान राज राई ९८४३७५७८९८

## ३. आर्थिक बर्ष २०८०/०८१ मा सम्पन्न भएको कार्यहरूको संक्षिप्त विवरणः

### ३.१. पुनर्निर्माण तथा पुनस्थार्पना सम्वन्धि

- २०७७ साल असार २७ गते मध्यरातमा सिलीचोङ गाउँपालिका वडा नं. १ सिसुवाखोला स्थित वेसिन्दामा भिषण-पहिरो गई विस्थापित भएका ९२ घरधुरीमध्ये देहायको ५५ घरधुरीहरू खाँदबारी नगरपालिका वडा नम्बर ७ स्थित भैरेडाँडामा पुनस्थार्पना भएका लाभग्राहरूको डाटा मनसुनजन्य विपद्बाट प्रभावित निजी आवास पुनर्निर्माण तथा पुनस्थार्पना अनुदान कार्यविधि, २०७७ को अनुसूची १ बमोजिम डिजिटल डाटा संकलन गरिएकोमा उक्त डाटा सिलीचोङ गाउँकार्यपालिकाको सिस्टमबाट खाँदबारी नगरपालिकाको सिस्टममा माइग्रेशन गरिएको।

**देहायः**

| क्र.सं. | निस्सा नं. | लाभग्राहीको नाम | खरिद गरेको जग्गा कित्ता नं. | कैफियत |
|---|---|---|---|---|
| १ | १६७०-३-१३ | आसकला राई | ११४ | |
| २ | १६७०-३-२२ | रन्जित कुलुङ राई | ११४ | |
| ३ | १६७०-३-३४ | आसिक कुमार राई | ११४ | |
| ४ | १६७०-३-३६ | दिलिप राई | ११४ | |
| ५ | १६७०-३-६३ | मै सहर राई | ५१९ | |
| ६ | १६७०-३-६८ | गोवा सिंह राई | ११४ | |
| ७ | १६७०-३-८९ | जुलफे सिं राई | ११४ | |
| ८ | १६७०-३-९४ | प्रकाश राई | ५१९ | |
| ९ | १६७०-३-९५ | बिनुता कुलुङ | ११४ | |
| १० | १६७०-३-२१ | उमेश राई | ११४ | |
| ११ | १६७०-३-५९ | जगत बहादुर राई | ५१९ | |
| १२ | १६७०-३-१९ | दान बहादुर राई | ५१९ | |

| क्र.सं. | निस्सा नं. | लाभग्राहीको नाम | खरिद गरेको जग्गा किक्ता नं. | कैफियत |
|---|---|---|---|---|
| १३ | १६७०-३-१४ | देवल कुमार राई | ११४ | |
| १४ | १६७०-३-६२ | धिरज राई | ११४ | |
| १५ | १६७०-३-१५ | नरेन्द्रकुमार राई | ११४ | |
| १६ | १६७०-३-४४ | पर्वत बहादुर | ११४ | |
| १७ | १६७०-३-७८ | प्रताप राई | ११४ | |
| १८ | १६७०-३-३२ | मंगल देवी राई | ११४ | |
| १९ | १६७०-३-२९ | मकर सिं | ५१९ | |
| २० | १६७०-३-८६ | मचिन्द्र कुमार राई | ५१९ | |
| २१ | १६७०-३-६४ | रत्न बहादुर | ५१९ | |
| २२ | १६७०-३-८५ | शनि कुलुङ | ११४ | |
| २३ | १६७०-३-४१ | संच बहादुर | ५१९ | |
| २४ | १६७०-३-६९ | संचा सहद राई | ११४ | |
| २५ | १६७०-३-९३ | सरोज राई | ११४ | |
| २६ | १६७०-३-२ | सूर्य कुलुङ राई | ११४ | |
| २७ | १६७०-३-५८ | सल बहादुर राई | ११४ | |
| २८ | १६७०-३-८० | अविरल कुलुङ | ११४ | |
| २९ | १६७०-३-७६ | सुजता राई | ११४ | |
| ३० | १६७०-३-९ | लोकेन्द्र राई | ११४ | |
| ३१ | १६७०-३-४२ | बुद्धि बहादुर राई | ११४ | |

| क्र.सं. | निस्सा नं. | लाभग्राहीको नाम | खरिद गरेको जग्गा  कित्ता नं. | कैफियत |
|---|---|---|---|---|
| ३२ | १६७०-३-२३ | संजय राई | ११४ | |
| ३३ | १६७०-३-१२ | डम्बर बहादुर राई | ५१९ | |
| ३४ | १६७०-३-९१ | पंच बहादुर राई | ५१९ | |
| ३५ | १६७०-३-३५ | हिरालाल राई | ११४ | |
| ३६ | १६७०-३-५५ | धन केशर राई | ११४ | |
| ३७ | १६७०-३-९२ | शम्भु राई | ५१९ | |
| ३८ | १६७०-३-८७ | धन बहादुर कुलुङ राई | ५१९ | |
| ३९ | १६७०-३-१७७ | बन्जन विर राई | ११४ | |
| ४० | १६७०-३-६० | वादल राई | ५१९ | |
| ४१ | १६७०-३-११ | शुभधन राई | ११४ | |
| ४२ | १६७०-३-२४ | समिर बहादुर राई | ५१९ | |
| ४३ | १६७०-३-७५ | गोरीमाया राई | ११४ | |
| ४४ | १६७०-३-७३ | धन शंकर राई | ११४ | |
| ४५ | १६७०-३-४५ | राम जिन माया राई | ११४ | |
| ४६ | १६७०-३-६६ | बिक्रम राई | ११४ | |
| ४७ | १६७०-३-९० | मनीप्रजा राई | ११४ | |
| ४८ | १६७०-३-६ | पुर्ण बहादुर राई | ५१९ | |
| ४९ | १६७०-३-२७ | आइत सुख राई | ११४ | |

| क्र.सं. | निस्सा नं. | लाभग्राहीको नाम | खरिद गरेको जग्गा किक्ता नं. | कैफियत |
|---|---|---|---|---|
| ५० | १६७०-३-२६ | उत्तर बहादुर राई | ११४ | |
| ५१ | १६७०-३-४९ | जयराज राई | ११४ | |
| ५२ | १६७०-३-७१ | गंगा बहादुर राई | ११४ | |
| ५३ | १६७०-३-१६ | मिलन कुलुङ | ५१९ | |
| ५४ | १६७०-३-५१ | आसिक कुमारी राई | ११४ | |
| ५५ | १६७०-३-४३ | धन राज राई | ५१९ | |

- आगलागीजन्य विपद्बाट प्रभावित तपशिल बमोजिमको लाभग्राहरूको स्थायी निजी आवास पुनर्नर्माणको अनुदान प्राप्त गर्नको लागि सम्वन्धित वडा कार्यालयहरूमा गई सम्झौता गराई जिल्ला प्रशासन कार्यालयमा बुझाएको।

| क्र.स. | लाभग्राहीको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | जंग बहादुर राई | सिलीचोङ गा.पा.वडा नं. ५, याफु | |
| २ | राज मेवाहाङ | सिली सिलीचोङ गा.पा.वडा नं. ५, याफु | |
| ३ | राम विक राई | सिलीचोङ गा.पा.वडा नं. ४, माङ्तेवा | |

- माथि उल्लेखित तीन जना लाभग्राहीहरूको स्थायी निजी आवास पुनर्निर्माणको लागि सिलीचोङ गाउँ कार्यपालिकाको कार्यालयले प्रति व्यक्ति रु. ५० हजारको दरले जम्मा रू. एक लाख पचास हजार जिल्ला विपद् व्यवस्थापन कोषमा मिति २०८१ साल असार २३ गते जम्मा गरेको।

### ३.२ भौतिक संरचना मर्मत तथा सम्भारका लागि वातावरण तथा विपद् व्यवस्थापन कोषबाट बजेट बिनियोजन गरी देहायको भौतिक संरचना मर्मत गरिएको।

| क्र. सं. | विवरण | वडा | बिनियोजित बजेट | कैफियत |
|---|---|---|---|---|
| १ | सल्लेरी सडक खण्ड पहिरोले क्षति भएको क्षेत्रमा मर्मत गर्न बजेट विनियोजन गरिएको। | ४ माङ्तेवा | ५ लाख | |
| २ | बर्षातले हुलाक पर्खालमा क्षति भई पर्खाल मर्मत गर्न बजेट विनियोजन गरिएको | ३ | २० हजार | |
| ३ | चकेला काठेपुल निर्माण गर्न बजेट विनियोजन गरिएको | १ | २ लाख ५० हजार | |

| क्र. सं. | विवरण | वडा | बिनियोजित बजेट | कैफियत |
|---|---|---|---|---|
| ४ | पानी घट्ट निर्माणको लागि बजेट विनियोजन गरिएको | ५ | १ लाख पचहतर हजार | |
| ५ | चटेक्मा लघु जलविद्युत कुलो मर्मत योजना गर्न बजेट विनियोजन गरिएको | १ | ३ लाख | |
| ६ | लकुवा जाने राजु माईलाको घरमुनी सडक पर्खाल निर्माणको लागि बजेट विनियोजन गरिएको | ३ | चार लाख | |

३.२ वातावरण तथा विपद् व्यवस्थापन समिति बैठक बसेको संख्याः...............४

३.३ पालिकास्तरीय स्थानीय विपद् व्यवस्थापन समितिः..............................१

३.४ मितिः २०७७ असार २७ गतेको अविरल बर्षातले सिलीचोङ गा.पा. १ बेसिन्दा र चेप्चेवाका विस्थापित परिवारको अस्थायी आवास निर्माण सम्पन्न संख्याः................३६

## ४. आ.व. २०८०/०८१ को वातावरण तथा विपद् व्यवस्थापन कोषको खर्चको प्रगति विवरण

| कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | खर्च शीर्षक | विनियोजन | खर्च | खर्च (%) | मौज्दात |
|---|---|---|---|---|---|
| बाताबरण तथा बिपत व्यबस्थापन कोष तथा आबश्यक विपत सामाग्री खरिद | २२५२२ | २०,००,००० | १७,८६,२५० | ८९.३१ | २,१३,७५० |

## ५.निश्कर्ष र सुझाव

- नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र विपद्सँग सम्बन्धित संघीय तथा प्रादेशिक कानूनहरुले स्थानीय तहले गर्नुपर्ने भनी निर्दिष्ट गरेका विपद् जोखिम न्यूनिकरण सम्बन्धि कामहरु आंशिक रुपमा सुरुवात भएता पनि गाउँपालिकाले पूर्ण रुपमा कार्यान्वयन गर्न नसकिरहेको अवस्था छ ।खासगरी भौगोलिक विकटता र कठिनाई, सूचना तथा दुरसंचार पूर्वाधार, यातायात पूर्वाधार क्षेत्रको समुचित विकास हुन नसक्नु, आन्तरिक श्रोतको क्षमता कम हुनु, बार्षिक बजेट प्रयाप्त नहुनु, सम्बन्धित कर्मचारी तथा आवश्यक जनशक्तिको अभाव जस्ता कारणले जति प्रभावकारी कार्यान्वयन हुनुपर्ने हो त्यति हुन नसकेको निश्कर्ष निकालिएको छ ।

प्रतिवेदकः

**ज्ञान राज राई**

सूचना प्रविधि अधिकृत (विपद् फोकल पर्सन)